# विराटनगर महानगरपालिकाको
# आर्थिक वर्ष २०८३।०८४ को
## वार्षिक नीति, कार्यक्रम तथा बजेट
## प्रस्तुति

विराटनगर महानगरपालिका
विराटनगर
२०८३।०३।१०


शिल्पा निराला कार्की
उपप्रमुख
विराटनगर महानगरपालिका

**सभाध्यक्ष महोदय एवं नगर अधिवेशनका सदस्यज्यूहरु ।**

यस गरिमामय १८ औ नगर अधिवेशन बैठकमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने यस विशेष घडीमा म यहाँहरू सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु।शहीद भनेका केवल तस्विर होइनन् उनीहरु कसैका भरिला र कलकलाउँदा छोराछोरी थिए, कसैको सिउँदोको सिन्दुर थिए त कसैका जीवनका सहारा थिए उनीहरुले आफ्नो परिवारको सुन्दर संसारलाई त्यागेर केवल व्यवस्था मात्र बदल्न आफू शहीद भएका थिएनन् उनीहरुले देशको अवस्था बदल्दै विभेदरहित समाजको निर्माण गर्दै सबै गरिब नेपालीको अनुहारमा हाँसो ल्याउन आफ्नो जीवनको आहुति दिने सबै वीर अमर शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु............।

आज हामी जुन खुला आकाशमुनि स्वतन्त्र भएर बोलिरहेका छौं, हिँडिरहेका छौं यसका लागि आफ्नो शरीरलाई गुमाएर अदम्य आँट र साहसका साथ नेपाली जनताको जीवनमा समृद्धि र अनुहारमा खुशी बनाउनका लागि आफ्नो रगत र पसिना बगाउनु हुने घाइते तथा अपाङ्ता भएका योद्धाहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ..........। उनीहरूको सपनालाई साकार पार्नु नै हाम्रो मुख्य जिम्मेवारी हो भन्ने कुरा स्मरण गराउन चाहन्छु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल मर्मलाई आत्मसात् गर्दै, विराटनगरलाई थप सबल, सक्षम र सुन्दर नगरको रुपमा विकास गर्न नजिकको सरकारको रूपमा रहेर आज हामीले यस गरिमामय नगर सभाको अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने विशेष चरणमा छौं।

स्रोत र साधनहरु सीमित छन । हरेक वर्ष संघीय सरकारले दिने बजेट तथा अनुदानहरु क्रमशः घट्दो क्रममा रहेको छ । नगरवासीलाई पुर्याउनु पर्ने सेवा प्रवाह र विकास निर्माणका माग र आवश्यकताहरु असीमित हुदाँहुदै पनि हामीसँग भएको सीमित स्रोत र साधन परिचालन गरी न्यायोचित रुपमा पूर्ण पारदर्शिताका साथ नगरको चौतर्फी विकासका लागि हामी अहोरात्र लागि परेको सबै नगरवासीले महसुस गर्नु भएको छ ।

स्थानीय सरकारको सबैभन्दा नजिक र सुख-दुःखमा भेटिने र महसुस हुने भनेको वडा कार्यालय हो। वडा कार्यालयलाई साधन स्रोतसम्पन्न बनाउदै नागरिकलाई स्थानीय सरकारको अनुभव गराउने मुख्य ध्येयका साथ विगत वर्षहरुदेखि आर्थिक अधिकारसहित उपलब्ध गराउँदै आएको बजेटमा नघटने गरी थप साधन स्रोत सम्पन्न बनाउदै नागरिकलाई छिटो सेवा प्रवाह लगायत विकास निर्माणका कार्यहरुलाई विशेष प्राथमिकतामा राखी वार्षिक नीति बजेट तथा कार्यक्रम पेश गरेको छु ।

**सभाध्यक्ष महोदय**

हामीसँग प्राप्त भएको सीमित स्रोत र साधनलाई अधिकतम परिचालन गरि नेपालको संविधानको अनुसुची ८ ले दिएको एकल अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकार, सोह्रौ योजनाको लक्ष्य, कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजनाको लक्ष्य, दिगो विकासका लक्ष्य, नेपाल सरकारबाट प्राप्त मार्ग दर्शन तथा हामीले निर्माण गरेका ऐन कानुन तथा कार्यविधिहरुको कार्यान्वयनलाई समेत मध्य नजर गरी वार्षिक नीति बजेट तथा कार्यक्रम पेश गरिरहेको छु ।

**सभाध्यक्ष महोदय**

आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई मार्गदर्शनका रुपमा लिइएको छ ।

- नेपालको संविधान,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन ।
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन
- सोह्रौ योजना तथा कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना ।
- दिगो विकासका लक्ष्य ।
- विराटनगर महानगरपालिकाको आवधिक योजना ।
- विराटनगर महानगरपालिकाको महिला स्थिति प्रतिवेदन तथा विज्ञ सल्लाहकार तथा नगरवासीहरुको राय, सल्लाह तथा सुझावहरु ।

**अध्यक्ष महोदय,**

- आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिईएकोछ ।
- स्वरोगार सिर्जना हुने कार्यक्रम ।
- शिक्षा र स्वास्थ्यमा सवै नगरवासीको पहुँच बढाउने कार्यक्रम ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण हासिल हुने योजना तथा कार्यक्रम ।
- सेवा प्रवाह,सुशासन तथा संस्थागत विकासमा सहयोग पुग्ने योजना तथा कार्यक्रम ।
- स्थानीय स्रोत साधन र सीपको परिचालन हुने योजना तथा कार्यक्रम ।
- स्थानीय भाषा,धर्म,कला तथा साहित्य र संस्कृति जगेर्नामा सहयोग पुर्याउने सम्बन्धि कार्यक्रम ।
- गरिबी न्यूनीकरणमा सहयोग पुर्याउने योजनाहरु ।
- सवै वडाहरुमा सन्तुलित र समानुपातिक विकासमा सहयोग पुग्ने योजना तथा कार्यक्रमहरु ।

**अध्यक्ष महोदय,**

विराटनगर महानगरपालिकाको यस आर्थिक बर्ष २०८२।०८३ जेष्ठ मसान्तसम्मको मुख्य मुख्य उपलब्धिहरु न्यायिक समिति, लेखा समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति, पूर्वाधार विकास समिति तथा सुशासन तथा संस्थागत विकास समितिका संयोजकहरुले प्रस्तुत गर्नुहुनेछ ।

**अध्यक्ष महोदय,**

अब म विराटनगर महानगरपालिकाको यस आर्थिक बर्ष २०८२।०८३ जेष्ठ मसान्तसम्मको यथार्थ आय व्यय प्रस्तुत गर्न चाहान्छु ।

**आय तर्फः**

आर्थिक बर्ष २०८२।०८३ का लागि कुल अनुमानित आय रु ३ अर्ब ६८ करोड २८ लाख २० हजार गरिएकोमा आन्तरिक आय रु १ अर्ब २७ करोड २० लाख ८ हजार अनुमान गरिएकोमा रु ४४ करोड ८५ लाख ९२ हजार १७ रुपैया मात्र आय प्राप्त भएको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ संघीय सरकार समानीकरण अनुदान रु ३४ करोड ३४ लाख अनुमान गरिएको मा रु ३१ करोड ४० लाख ३९ हजार ३ सयमात्र प्राप्त भएको छ । सशर्त अनुदान चालु रु ७८ करोड ४१ लाख ८० हजार अनुमान गरिएकोमा रु ७८ करोड १९ लाख ५० हजार मात्र प्राप्त भएको छ । सशर्त अनुदान पुजीगत रु ८ करोड ३५ लाख अनुमान गरिएकोमा सोहि बराबरको रकम मात्र प्राप्त भएको छ । समपुरक अनुदान पुँजीगत रु १ करोड २० लाख अनुमान गरिएकोमा रु ५८ लाख रुपैया मात्र प्राप्त भएको छ ।यसै गरी अन्तर सरकारी

वित्तिय हस्तान्तरण प्रदेश सरकार तर्फ समानिकरण अनुदान रु ३ करोड ६२ लाख ३० हजार अनुमान गरिएको मा रु ३ करोड ६२ लाख ३० हजार प्राप्त भएको छ । सशर्त अनुदान चालु रु १ करोड ४ लाख ७ हजार अनुमान गरिएकोमा रु ६५ लाख १२ हजार २ सय २० मात्र प्राप्त भएको छ । शसर्त अनुदान पुजीगत रु ५ करोड ८८ लाख अनुमान गरिएकोमा रु २ करोड १४ लाख ५० हजार मात्र प्राप्त भएको छ ।

राजस्व बाँडफाडतर्फ सवारी कर रु ३ करोड ८ लाख अनुमान गरिएकोमा रु २ करोड ५९ लाख ४ हजार ८ सय ६३, मनोरञ्जन कर रु ४० लाख अनुमान गरिएकोमा रु १२ लाख ६१ हजार ९ सय ८८ रुपैया, विज्ञापन कर रु ६० लाख अनुमान गरिएकोमा रु २८ लाख ३९ हजार ३ सय ९३ रुपैया, घरजग्गा रजिष्ट्रेसन दस्तुर ६७ करोड ९६ लाख ५६ हजार ३ सय ८५ अनुमान गरिएको मा रु २१ करोड १९ लाख ४० हजार १ सय ८९ रुपैया, बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर रु १५ करोड ३९ लाख २८ हजार ९ सय ६१ रुपैया अनुमान गरिएकोमा रु ११ करोड ९८ लाख ६९ हजार ३ सय ८७ रुपैया, अन्तःशुल्क ५ करोड १३ लाख ९ हजार ६सय ५४ अनुमान गरिएकोमा रु ५ करोड ६३ लाख ३६ हजार ९ सय ३ रुपैया प्राप्त भएको छ । यसै गरी बैक मौज्दात रु १४ करोड अनुमान गरिएको मा रु १४ करोड ९९ लाख २ हजार ५१ रुपैया मात्र मौज्दात गरी जम्मा रु २ अर्ब २६ करोड ६१ लाख २८ हजार ३ सय १३ रुपैया अर्थात ६२ प्रतिशत आय प्राप्त भएको छ ।

**अध्यक्ष महोदय,**

अब म विराटनगर महानगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ जेष्ठ मसान्तसम्मको अनुमानित र यथार्थ व्यय प्रस्तुत गर्न चाहन्छु ।

**व्यय तर्फः**

कुल व्यय रु ३ अर्ब ६८ करोड २८ लाख २० हजार अनुमान गरिएकोमा रु १ अर्ब ६४ करोड ८८ लाख ४६ हजार ६ सय ९५ रुपैया अर्थात ४५ प्रतिशत यथार्थ व्यय भएको छ।

**आर्थिक विकासतर्फः** पशुपन्क्षी, कृषि, उधोग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र, वन, भूमि व्यवस्था तथा आपूर्ति तर्फ जम्मा रु ९ करोड १४ लाख ९२ हजार अनुमान गरिएकोमा रु २ करोड २४ लाख ३६ हजार १ सय ४१ रुपैया अर्थात २५ प्रतिशत मात्र व्यय भएको छ ।

**सामाजिक विकासतर्फः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई भाषा तथा सँस्कृति, लैङिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद तथा सामाजिक सुरक्षातर्फ जम्मा रु १ अर्ब १८ करोड २२ लाख ५८ हजार १ सय रुपैया विनियोजन गरिएकोमा रु ६५ करोड ४० लाख २ हजार ५ सय ७४ रुपैया प्रतिशत ५५ प्रतिशत मात्र व्यय भएको छ ।

**पूर्वाधार विकासतर्फः** यातायात पुर्वाधार, भवन आवास तथा सहरी विकास, उर्जा संचार तथा सूचना प्रविधि, सम्पदा पूर्वाधार तथा पुननिर्माण,विज्ञान तथा प्रविधि गरी जम्मा रु १ अर्ब ६१ करोड ७१ लाख ३० हजार ५ सय रुपैया विनियोजन गरिएकोमा रु ४१ करोड ५५ लाख ६९ हजार ९ सय ८८ रुपैंया २५ प्रतिशत मात्र यथार्थ व्यय भएको छ ।

**सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फः** वातावरण तथा जलवायु, विपद व्यवस्थापन, मानव संसाधन विकास, शान्ति तथा सुव्यवस्था, कानून तथा न्याय, शासन प्रणाली, तथ्याङ्क प्रणाली, श्रम तथा रोजगार, गरिबी निवारण, नगर सुरक्षा, योजना तर्जुमा र कार्यान्वयन, राजस्व प्रशासन,अनुगमन तथा मुल्याङ्कन, प्रशासनिक र वित्तीय

सुशासन तर्फ रु ५ करोड ६५ लाख ९१ हजार विनियोजन भएकोमा रु १ करोड ९० लाख ६७ हजार १ सय ९७ रुपैया अर्थात ३४ प्रतिशत यथार्थ व्यय भएको छ ।

**कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फः** रु ७३ करोड ५८ लाख ८ हजार ४ सय विनियोजन भएकोमा रु ५३ करोड ७७ लाख ७० हजार ७ सय ९३ रुपैया अर्थात ७३ प्रतिशत गरी कुल व्यय रु १ अर्ब ६४ करोड ८८ लाख ४६ हजार ६ सय ९५ रुपैया अर्थात ४५ प्रतिशत कुल व्यय भएको छ ।

**अध्यक्ष महोदय,**

अब म विराटनगर महानगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को क्षेत्रगत नीति प्रस्तुत गर्न चाहन्छु ।

## <u>क्षेत्रगत नीतिः</u>

## सुशासन तथा संस्थागत विकास

## राजस्व प्रशासन

१. **<u>महिला उद्यमशीलताः करमा विशेष सहजता</u>** महिलाहरुलाई उद्यमशीलतामा आकर्षित गर्न व्यवसाय दर्ता तथा नवीकरणमा २५ प्रतिशत विशेष छुटको सहुलियत दिइनेछ।

२. **<u>करदाताको सम्मानः विकासमा हाम्रो योगदान</u>** नियमित रुपमा कर दाखिला गर्ने असल करदातालाई सम्मान गरिनेछ ।

३. **<u>दर्ता विनाको व्यापारः महानगरलाई अस्वीकार</u>** व्यवसाय दर्ता तथा वार्षिक नवीकरण नगराई सञ्चालन भएका व्यवसायलाई सूक्ष्म अनुगमन गरी करको दायरामा ल्याउने कार्यलाई थप प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरिनेछ ।

४. **<u>करको दर होइन, करको दायरा विस्तार</u>** नागरिकलाई करको थप भार नथपी करको दायरामा नआएका क्षेत्रलाई करको दायरामा ल्याइनेछ ।

५. स्वयंसेवक परिचालन गरी सञ्चालन भैरहेको करदाता शिक्षा अभियानलाई निरन्तरता दिई विराटनगरमा सञ्चालन भएका सबै व्यवसायहरुको अभिलेख तयार गरिनेछ ।

६. **<u>करमा सहुलियत, अवसरमा प्राथमिकता अपाङ्गता भएका नागरिकप्रति महानगरको प्रतिबद्धता</u>** अपाङ्ता भएका व्यक्तिहरुले सञ्चालन गर्ने व्यवसायमा दर्ता र नवीकरणमा १०० प्रतिशत छुट दिइनेछ ।

७. **<u>करमा सहुलियत, उद्यममा साथ एकल महिलाको आत्मनिर्भरतामा महानगरको हात</u>** भन्ने नारालाई सार्थकता दिन महिलाहरुद्वारा संचालित व्यवसायहरुमा व्यवसाय कर २५ प्रतिशत छुटको व्यवस्था गरिनेछ।

८. **<u>सीप र स्वाभिमानः व्यवसाय करमा विशेष वरदान</u>** भन्ने नारालाई सार्थकता दिन यौनिक तथा लैगिक अल्पसंख्यकलाई व्यवसाय दर्ता र नवीकरणमा शत प्रतिशत छुट दिइनेछ ।

९. **<u>हिंसाबाट मुक्ति, उद्यमशीलतामा शक्ति</u>** लैङिक हिंसा पीडित महिलाहरूको विवरण गोप्य राखी व्यवसाय दर्ता र नवीकरणमा २५ प्रतिशत छुट दिइनेछ ।

१०. **<u>नयाँ सुरुवात, कर छुटको साथ</u>** भन्ने नारालाई पूरा गर्न अन्य निकायमा दर्ता भएका तर विराटनगर महानगरपालिकामा दर्ता नभएका व्यवसाय दर्ता गर्दा विगत १ आर्थिक वर्ष र चालु आवको कर मात्र लिएर व्यवसाय दर्ता गरिनेछ ।

११. सबै प्रकारका करहरु नेपाल सरकारको सुत्र प्रणालीबाट संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. **<u>हातहातमा प्रविधि, चुस्त कर पद्धति</u>** डिजिटल माध्यमबाट कर संकलन गरिनेछ।

१३. **<u>इमानदार करदाता, नगरको भाग्यविधाता</u>** कर दायरामा नआएका सवै करदातालाई करको दायरामा ल्याउन वडातहमा व्यवसाय दर्ता र नवीकरण गर्न अभियान सञ्चालन गरिनेछ ।

## प्रशासन

१. **"सुशासनको आधारः प्रविधिमैत्री महानगर"** महानगरपालिकाबाट प्रवाह हुने सेवालाई क्रमशः डिजिटल माध्यमबाट एकिकृत गरी छिटो, छरितो र पारदर्शी बनाइनेछ ।

२. जनशक्ति विकास र संस्थागत क्षमता अभिवृद्धि गर्नका लागि कर्मचारीको सीप, कार्यक्षमता, डिजिटल दक्षता र पेशागत आचरण विकास गरिनेछ ।

३. **"निष्पक्ष र नतिजामुखी कार्यसम्पादनः समृद्धि र सुशासनयुक्त महानगर प्रशासन"** भन्ने नारालाई मूर्तरुप दिन कार्यसम्पादन मूल्यांङ्कन, उत्तरदायित्व र अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ ।

४. सेवा प्रवाह, अभिलेखको डिजिटल व्यवस्थापन, मानव संसाधन विवरण र निर्णय कार्यान्वयनलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।

५. सामाजिक उतरदायित्वको औजारहरु जस्तै सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सूचनाको हक, डिजिटल वडापत्र, Chatbot, स्वतः प्रकाशनलाई लागू गरी सेवाप्रवाहको गुणस्तरलाई नागरिक सन्तुष्टिसँग मापन गरिनेछ ।

६. करारमा कार्यारत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धतालाई निरन्तरता दिइनेछ साथै Frontline मा कार्य गर्ने कर्मचारीहरुका लागि आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७. आन्तरिक नियन्त्रण प्रणाली लागु गरिनेछ ।

८. राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विभिन्न नगरसँग भगिनी सम्बन्ध कायम गर्दै ज्ञान, सीप, पूँजी र प्रविधिलाई सामाजिक, आर्थिक, मानव संसाधन तथा भौतिक विकासमा उपयोग गरिनेछ ।

९. विराटनगर महानगरपालिका अन्तर्गत कार्यरत जोखिमपूर्ण कार्य गर्ने सरसफाईकर्मी, बिजुली मिस्त्री, वारुणयन्त्रमा कार्यरत कर्मचारी एवं नगर प्रहरीहरुको जोखिम हस्तान्तरणका लागि दुर्घटना वीमाको व्यवस्था गरिनेछ ।

१०. विराटनगर महानगरपालिकामा रहेका नगर प्रहरीहरुको क्षमता विकास गरिनेछ। निजहरुको कार्यसम्पादन मूल्यांकनका आधारमा वृत्ति विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

## सूचना तथा सञ्चार

१. **"विश्वसनीय सूचनाको आधारः जवाफदेही पत्रकारिता र सुरक्षित पत्रकार"** भन्ने नारालाई सार्थक रुप दिन प्रविधिमैत्री क्षमता विकासलाई जोड दिँदै पत्रकारिता क्षेत्रमा पेशागत दक्षता बढाउनका लागि कृत्रिम बौद्धिकता, मल्टिमिडिया र डिजिटल पत्रकारिता लगायतका विषयमा तालिम सञ्चालन गरिनेछ।
२. महानगरको छुट्टै सञ्चार नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. महानगरपालिकाबाट सञ्चालित कार्यक्रम/योजना तथा विकास निर्माणका कार्यहरुलाई विभिन्न सञ्चारमाध्यमहरुबाट प्रकाशन र प्रसारण गरी नगरवासीहरुलाई सुसूचित गराइनेछ ।

## सुचना तथा प्रविधि

**"प्रविधिमैत्री महानगर, सुशासनको मुल आधार"**

१. स्थानीय युवाहरूलाई सूचना प्रविधिका विविध क्षेत्रहरूमा विभिन्नस्तरका प्रशिक्षण कार्यक्रमहरूको आयोजना गरी इन्टर्नशिप तथा सम्भावित रोजगारीका अवसरहरूसम्म पहुँच सिर्जना गरिनेछ |
२. कार्यालयबाट प्रदान गरिने अनलाइन सेवालाई चुस्त, दुरुस्त बनाउन हार्डवयेर/नेटवर्क पूर्वाधारहरुको सुदृढीकरण तथा विस्तार गरिनेछ।
३. डिजिटल साक्षरता र साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धिको कार्यक्रमहरु संचालन गरिनेछ |
४. संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा आम नागरिकहरुको जीवनस्तरलाई उठाउने र प्रशासनिक कार्यक्षमता सुधार्ने उद्देश्य सहित विद्युतीय प्रणालीहरुको विकास गरी प्रयोगमा ल्याइनेछ |
५. आम नागरिकहरूमा सूचनाको पहुँच पुर्याउन अधिकतम मात्रामा विद्युतीय प्रणालीहरूको प्रयोग गर्दै सार्वजनिक सेवा प्रदान गर्ने सफ्टवेयरहरूको पहुँच विस्तार गरिनेछ।

## कानून

१. संविधान, कानून, महानगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका तर्जुमा गरिनेछ ।
२. कोशी प्रदेशका न्यायिक समितिमा कार्यरत कर्मचारीहरको भेला गरी सिकाइ तथा अनुभव आदानप्रदान गर्ने तथा सरोकारवाला मन्त्रालयसँग समन्वय तथा सहकार्य गरिनेछ ।
३. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।
४. महानगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।
५. महानगरभित्र प्रमुख उपप्रमुखसँग बालबालिका कार्यक्रम सञ्चालन गरी बालबालिकाका समस्याहरुलाई सम्बोधन गरिनेछ ।
६. वडास्तरीय मेलमिलाप समितिका सदस्यहरुको २ दिने पुनर्ताजगी तालिम संचालन गरी अझै बढी सक्रिय बनाएर आम न्याय प्रेमी जनसमुदायलाई स्थानीय अदालतबाट दिइने सेवामा सहज र फराकिलो पहुँच पुऱ्याउनेतर्फ अगाडी बढ्ने नीति अख्तियार गरिनेछ ।

७. विभिन्न मितिमा सम्मानित सर्वोच्च अदालत लगायतका न्यायिक निकायहरुबाट भएका फैसला तथा अन्य निर्देशनात्मक आदेशहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

८. न्यायिक समितिमा मुद्दा दायर भई मेलमिलाप भएका मुद्दाहरुको सूक्ष्म अनुगमन गरिनेछ ।

९. सुचीकृत मेलमिलापकर्ताहरु, कानूनी सल्लाहकार, कानून शाखाका कर्मचारीहरुबीच मुद्दा दर्ता, छलफल, मेलमिलाप, निर्णयसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमद्वारा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ

१०. महानगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निष्पक्ष, सरल, छिटोछरितो, पहुँचयोग्य, सक्षम एवम विश्वसनीय बनाईनेछ ।

११. सबै वडा कार्यालयहरुमा स्थापना भई सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी झिकाउने, प्राविधिकद्वारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रक्रिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ।

१२. लैंङ्गिक हिंसा निवारण कोषको थप प्रभावकारिताको लागि सञ्चालित व्यवसायको अनुगमन गर्ने, श्रव्यदृश्य सामग्री तयार गरी प्रसारण गरिनेछ साथै सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१३. निर्णय भएका मुद्दाको शतप्रतिशत कार्यान्वयनका लागि प्रयास गरिनेछ।

१४. घरेलु हिंसा तथा लैङ्गिक हिंसाजन्य घटनाबाट पीडित व्यक्तिलाइ मनोविमर्श सेवा प्रदान गरिने तथा दुर्व्यसन मुक्त शहर निर्माणका लागि पुर्नस्थापना सेवा केन्द्र सँग सहकार्य गरिनेछ।

## नगर सुरक्षा

१. शहरी सौन्दर्यकरणका लागि अव्यवस्थित विज्ञापन, होडिङ्ग वोर्ड तथा भित्तेलेखन लगायतका विज्ञापनलाई व्यवस्थित गरिनेछ ।

२. स्पा, मसाज सेन्टर, रात्रिकालिन गीत गजल, डान्सवार तथा दोहोरी साझ, होस्टलहरुलाई थप व्यवस्थित गरी नियमन गरिने छ ।

३. नगर सुरक्षा प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

४. छाडा पशु चौपायाहरु (गाई,भैसी,खसी बाख्रा) लगायत छाडा साढे गोरुहरु नियन्त्रण गरी विभिन्न गौशालासँग समन्वय गरी व्यवस्थापन गरिने छ भने छाडा बंगुर,सुगुर जस्ता छाडा चौपायाहरुलाई नियन्त्रण गरी जफत गरिनेछ ।

५. पैदल यात्रीहरुलाई सहजरुपमा आवतजावत गर्न बनाउन र शहरको सौन्दर्यतालाई कायम राख्न सडक पेटी अवरोध हुनेगरी राखिएका निर्माण सामग्रीहरु हटाउने कार्यलाई कडाइकासाथ पालना गर्न निर्माण सामग्री जफत गरी जरिवाना गरिनेछ।

६. चाड पर्व,हाट बजार तथा मठ मन्दिरमा हुने मेला महोत्सवमा हुने भिडभाडलाई व्यवस्थित गरी ट्राफिक व्यवस्थापन गरिनेछ ।

७. CCTV तथा ट्राफिक लाइट जस्ता आधुनिक उपकरणहरुको माध्यमलाई थप विस्तार गरिदै लगिने र नगर प्रहरीको कन्ट्रोल रुमबाट मनिटरिङ्ग गर्ने व्यवस्था मिलाइने छ

८. नगर प्रहरीको जनशक्तिलाई साधन स्रोतयुक्त बनाई प्रकृतिक प्रकोप उद्दार, राहत र व्यवस्थापनमा तत्काल परिचालन हुन सक्ने बनाउने र सोही अनुरुपको तालिमको प्रबन्ध मिलाईने छ ।

९. वारुण यन्त्रमा कार्यरत जनशक्तिलाई प्रविधि मैत्री बनाई आगलागीको समयमा छिटो भन्दा छिटो पुग्न सक्ने गरी तयारी अवस्थामा राख्ने र तालिमको व्यवस्था गरिनेछ ।

१०. घरभित्र छिरेका विषालु सर्पहरु उद्दार गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

११. अवैध रुपमा खोलाको प्राकृतिक स्रोतसाधन उत्खनन गरी अवैध रुपमा बिक्रीका लागि ओसारपसार गर्ने सवारी साधनहरु नियन्त्रणमा लिई प्रचलित कानून अनुसार गरिदै आएको कार्यलाई थप कडाइ गरिनेछ ।

# आर्थिक विकास

## उपभोक्ता हित संरक्षण

१. **<u>अनुगमन छ जहाँ, स्वच्छता हुन्छ त्यहाँ</u>** स्वच्छता कायम गर्न निश्चित कार्यतालिका बनाई बजार अनुगमन कार्यलाई थप प्रभवाकारी बनाइनेछ ।

२. **<u>स्वच्छ बजार, सुशासनको आधारः नियमित अनुगमन, हाम्रो सरोकार</u>** प्रादेशिक र संघीय नियामक निकायहरुसँग समन्वय र सहकार्य गरी गरिदै आएको बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

३. **<u>किन्नु अघि मिति हेरौं, स्वास्थ्य आफ्नो आफैं फेरौं</u>** विद्यालयस्तरमा गरिदै आएको उपभोक्ता हित तथा संरक्षण सम्बन्धि सचेतना कार्यक्रमलाई निरन्तरता दिदै स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

४. **<u>महानगर र संस्थाको सहकार्य र ऐक्यबद्धता: उपभोक्ता हितमा हाम्रो प्रतिबद्धता</u>** उपभोक्ता हित संरक्षणमा काम गर्ने संस्थाहरुसँग समन्वय र सहकार्य गरी भएको संयुक्त अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. **<u>पहिलो जाँच, अनि मात्र गाँसः खाद्य ल्याबको परीक्षण, शुद्धताको पहिचान</u>** खाद्य जाँचका लागि खाद्य निरीक्षक र खाद्य जाँच प्रयोगशालाको व्यवस्थापन गरिनेछ।

## सहकारी

१. सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गरी सहकारी संस्थाहरुलाई उपयुक्त सुझाव तथा निर्देशन प्रदान गरिनेछ ।

२. प्रशिक्षण कार्यक्रम मार्फत सहकारी संस्थाका समिति/उपसमिति र कर्मचारीको कार्यक्षमता र नेतृत्व क्षमता अभिवृद्धि गरिनेछ।

३. प्रविधिको प्रयोग गरी सहकारी संस्थाको अभिलेखलाई तथ्यपरक बनाइनेछ।

## सार्वजनिक निजी साझेदारी

१. सार्वजनिक–निजी–साझेदारी अवधारणा बमोजिम निजी क्षेत्रको सुझावमा नवीनतम परियोजना पहिचान गरी सञ्चालन गरी रोजगारीको सृजना गरिनेछ ।

२. निजी क्षेत्रको पूँजीलाई स्थानीय तहको प्राथमिकतामा रहेको योजनामा लगानी गराई विराटनगरको समग्र विकासमा साझेदारीको भावनामा अभिवृद्धि गरिनेछ ।

३. PPP Model मा पूर्वाधार निर्माणका लागि विराटनगर महानगरपालिका तथा साझेदार निकाय वीच सहकार्य गरिनेछ ।

## कृषि विकास

१. कृषकहरुलाई धान, गहुँ, मकैको गुणस्तरीय बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराई उत्पादन वृद्धि गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
२. माटो परीक्षणका लागि नमूना सङ्कलन स्थलगत तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।साथै माटो सुधारका लागि माटो परीक्षण गरी जिङ्क तथा कृषि चुन ७५ प्रतिशत अनुदानमा वितरण गरिनेछ ।
३. पोषण तत्वका स्रोत तथा उपयोग बारे सचेतनात्मक तथा व्यवसायिक च्याउ खेती कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ।
४. कृषि पेशालाई मर्यादित बनाउन असार १५ लाई राष्ट्रिय धान दिवसको रुपमा मनाइनेछ ।
५. कृषिसम्बन्धी आधारभूत ज्ञान, सीप अभिवृद्धि गराउन कृषक समूह, सहकारीलाई अन्तर जिल्ला कृषक अवलोकन भ्रमण गराईनेछ ।
६. टनेल प्लाष्टिक तथा आधुनिक प्रविधिको प्रयोग गरि बेमौसमी तरकारी खेती उत्पादन वृद्धि गरी बजारको मागलाई आपूर्ति गरिने छ साथै भूमिगत सिचाईमा जोड दिइनेछ
७. बाली संरक्षणमा आई.पी.एम. पद्वति कार्यक्रम सञ्चालन गरी जैविक विषादी बनाउने सम्बन्धि तालिम कार्यक्रम संचालन गरिने छ । साथै ७५ प्रतिशत अनुदानमा स्प्रेयर मेसिन वितरण गरिनेछ ।

## पशुपन्छी

१. निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । साथै विपन्न वर्गका किसानहरुको पशुपन्छीलाई परजीवी नियन्त्रणमा जोड दिइनेछ र महामारी सरुवा रोग फैलन नदिनका लागि खोप कार्यक्रम गरिनेछ।
२. व्यवसाय उन्मुख पशुपन्छी फार्म/समूहलाई प्राथमिकता दिंदै घाँस खेतीमा जोड दिइनेछ।
३. उपभोक्तालाई स्वस्थकर माछा, मासु उपभोग गर्न र माछा,मासु बजारलाई व्यवस्थित गर्न बजार अनुगमनमा जोड दिइनेछ।
४. सफा र स्वच्छ दूध उत्पादनमा वृद्धि गर्न उन्नत पशु उत्पादनका लागि कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधारमा जोड दिइनेछ।
५. व्यवसायिक फार्म/समूह र सहकारीलाई गाईको सन्तुलित बसोबासका लागि प्रोत्साहन स्वरुप Cow Mat वितरण गरिनेछ।
६. सडक तथा सामुदायिक कुकुरहरुलाई व्यवस्थापन गरिनेछ साथै छाडा चौपायाहरुलाई व्यवस्थापनका लागि कान्जी हाउस तयार गरिनेछ ।

## श्रम तथा रोजगार

१. युवा जनशक्तिको सिप र दक्षता विकास गर्न श्रम बजारको मागका आधारमा कार्यस्थलमा आधारित सीप विकास तालिमलाई प्रथमिकता दिइनेछ ।

२. गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्नका लागि योजना तथा कार्यक्रममा सूचिकृत वेरोजगार व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

३. आप्रवासी सूचना केन्द्रवाट प्रवाह हुदै आएको सूचना तथा सेवालाई थप मर्यादित र व्यवस्थित बनाइनेछ।

४. आन्तरिक रोजगारी प्रवर्द्धन गर्न वित्तीय साक्षरता , सीप विकास तालिम तथा वित्तीय सहयोग गरी स्वरोजगारीको सिर्जना गरिनेछ।

५. नगर भित्रका रोजगारदाताको अभिलेख र श्रमिकहरुको अधिकारलाई थप व्यवस्थित वनाउन रोजगार सेवा केन्द्र र श्रम Desk लाई थप प्रभावकारी रुपमा सन्चालन गरिनेछ।

## पर्यटन

१. स्थानीय प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरी पर्यटन विकासलाई प्राथमिकता दिइनेछ।

२. पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनको आधारका रूपमा विकास गरिनेछ।

३. निजी क्षेत्र, समुदाय तथा सरोकारवालाहरूसँग साझेदारी गरी दिगो तथा समावेशी पर्यटन विकासलाई प्रोत्साहन गरिनेछ।

४. स्थानीय कला, संस्कृति, परम्परा, भेषभूषा तथा मौलिक खानाका परिकारहरूको संरक्षण र प्रचारप्रसारमार्फत सांस्कृतिक पर्यटन प्रवर्द्धन गरिनेछ।

५. पर्यटन पूर्वाधारको विकास तथा पर्यटकीय गन्तव्यहरूको पहिचान, संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ।

६. पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्न सीपमूलक तथा क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

# सामाजिक विकास

## शैक्षिक प्रशासन

१. विद्यालय उमेर समूहका सबै बालबालिकाको शतप्रतिशत भर्ना सुनिश्चित गर्न घरदैलो अभियान, अभिभावक सचेतना तथा अन्य आवश्यक सहयोगात्मक सेवाहरू विस्तार गरिनेछ।

२. विराटनगर महानगरपालिकाभित्रका तीनवटा सामुदायिक विद्यालयलाई ५ हजारदेखि १० हजारसम्म विद्यार्थी अध्ययन गर्न सक्ने क्षमतायुक्त मेगा विद्यालय (**Mega School**) का रूपमा विकास गर्न विस्तृत गुरुयोजना तयार गरी आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सुविधा, प्रविधि, प्रयोगशाला, खेलमैदान तथा अन्य सहायक संरचनाको चरणबद्ध विकास गरिनेछ ।

३. १००० भन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरिनेछ ।

४. सिकाइ उपलब्धि विश्लेषणका आधारमा कमजोर विद्यार्थीका लागि "बुस्टर कक्षा" सञ्चालन गरी न्यूनतम १० प्रतिशत सिकाइ उपलब्धि वृद्धि गरिनेछ। विद्यालय अनुदानलाई कार्यसम्पादनमा आधारित बनाइ नतिजामुखी लगानी प्रणाली लागू गरिनेछ।

५. सामुदायिक विद्यालयको शिक्षण सिकाइलाई डिजिटल रूपान्तरण गर्न एक कक्षा एक स्मार्ट बोर्ड कार्यक्रम मार्फत क्रमश प्रविधिमा आधारित शिक्षण प्रणालीलाई संस्थागत गरिनेछ।

६. SEE परीक्षामा लगातार ३ वर्षसम्म ८० प्रतिशत भन्दा बढी उत्तीर्ण गराउने विद्यालयलाई सम्मान गरिनेछ।

७. समावेशी, बालमैत्री तथा सुरक्षित विद्यालय वातावरण निर्माण गरी भयरहित सिकाइमा जोड दिइनेछ।

८. सामुदायिक विद्यालयमा अभिभावकको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न अभिभावक पहुँच तथा सहभागिता कार्यक्रम सञ्चालन गरिनेछ।

९. शिक्षकहरूलाई पाठ योजना निर्माण, सिकाइ सामग्री विकास, मूल्याङ्कन, शैक्षिक अनुसन्धान तथा प्रशासनिक कार्यमा AI उपकरणहरूको सुरक्षित, नैतिक र प्रभावकारी प्रयोगसम्बन्धी प्राविधिक सीप प्रदान गरिनेछ।

१०. एक सीपका लागि एक केन्द्र विद्यालयको अवधारणा अनुरूप विज्ञान, प्रविधि, कला, संङ्गीत, खेलकुद, रोबोटिक्स, उद्यमशीलता लगायतका क्षेत्रमा विशेषीकृत केन्द्र विद्यालय विकास गरिनेछ ।

११. महानगरस्तरीय शैक्षिक सामग्री प्रदर्शनी तथा सिकाइ मेला आयोजना गरी शिक्षक, विद्यार्थी तथा विद्यालयहरूबीच असल अभ्यास, शिक्षण सामग्री र नवप्रवर्तनात्मक सिकाइको आदानप्रदान गर्ने अवसर सिर्जना गरिनेछ।

१२. विभिन्न पेशा, व्यवसाय, कला, संस्कृति, विज्ञान, प्रविधि, कृषि, स्वास्थ्य, उद्यमशीलता तथा सामाजिक क्षेत्रमा अनुभव र विशेषज्ञता हासिल गरेका व्यक्तिहरूलाई विद्यालयमा आमन्त्रण गरी “समुदायका विज्ञ कक्षामा” कार्यक्रम मार्फत विद्यार्थीहरूसँग अन्तरक्रिया, अनुभव आदानप्रदान तथा प्रेरणामूलक सिकाइ गतिविधि सञ्चालन गरिनेछ।

१३. शिक्षा क्षेत्रसँग सम्बन्धित महानगरपालिकाबाट समय-समयमा जारी भएका ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूलाई पुनरावलोकन, समायोजन र एकीकरण गरी समयसापेक्ष, व्यवस्थित तथा कार्यान्वयनयोग्य एकीकृत शिक्षा कानून तर्जुमा गरिनेछ।

१४. स्थानीय कला, संस्कृति, भाषा, भेषभूषा तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धन गर्न प्रत्येक महिनाको अन्तिम शुक्रबार विद्यार्थीलाई मौलिक पोशाक लगाएर आउन प्रोत्साहित गरिनेछ।

१५. निजि लगानीमा सञ्चालित विद्यालयले पूरा गर्नुपर्ने दायित्व तथा प्रचलित कानुनको परिपालनाका सम्बन्धमा आवश्यक अनुगमन तथा नियमन गरिनेछ ।

१६. सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर तथा व्यवस्थापकीय पक्षमा सुधार गर्दै सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ।

१७. सामुदायिक विद्यालयको गुणस्तरवृद्धिका लागि कक्षा १ को भौतिक पूर्वाधारहरुलाई well Equipped बनाई शिक्षाको गुणस्तर वृद्धि गरिनेछ । साथै प्रत्येक वर्ष अन्य कक्षाहरुलाई व्यवस्थित गर्दै लगिनेछ।

१८. पुस्ता पुलको अवधारणालाई लागु गर्दै Generation Gap लाई कम गर्नका लागि सिप तथा ज्ञान आदान प्रदानको कार्यक्रम संचालन गरिनेछ ।

१९. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को भावनाअनुसार वि.सं. २०६३ असोज २ पछि जन्मिएका तर बीचैमा पढाइ छोडेका बालबालिका तथा किशोर-किशोरीलाई विद्यालयमा पुनः भर्ना वा वैकल्पिक सिकाइ केन्द्रमा आबद्ध गराई आधारभूत तह (कक्षा ८) सम्मको शिक्षा अनिवार्य पूरा गराइनेछ।

## खेलकुद

१. महानगरपालिकाभित्र खेलकुद गतिविधि सञ्चालन गर्ने विभिन्न स्थानीय क्लब, सङ्घ-संस्था तथा प्रतिष्ठानहरूलाई प्रोत्साहन एवं सहयोग गरिनेछ।

२. महानगर क्षेत्रभित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरू आयोजना र सञ्चालन गर्न निजी तथा संस्थागत क्षेत्रलाई प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक समन्वय तथा सहजीकरणको नीति अवलम्बन गरिनेछ ।

३. विद्यालय स्तरदेखि नै खेलाडीहरूको पहिचान र प्रतिभा प्रवर्द्धन गर्न "महानगरस्तरीय मेयर कप फुटबल प्रतियोगिता" लाई नियमित रूपमा सञ्चालन गरिनेछ ।

४. "राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" लाई थप व्यवस्थित, मर्यादित र नतिजामुखी बनाइनेछ ।

## जनस्वास्थ्य

**"स्वस्थ नागरिक, समृद्ध नगरः विराटनगर महानगरको मूल आधार"**

१. स्वच्छ, सुरक्षित, मिसावटमुक्त तथा पोषणयुक्त खानाको पहुँच बढाई कुपोषण, पुड्कोपन, र रक्तअल्पता जस्ता समस्या न्यूनीकरण गर्न पोषण प्रबर्द्धन तथा खाद्य स्वच्छता महानगर अभियान संञ्चालनमा ल्याईनेछ।

२. नगर अस्पतालमा स्वास्थ्य बीमा, स्वास्थ्य बीमा फार्मेसी, रेडियोलोजी सेवा, सुविधा सम्पन्न प्रयोगशाला सेवा, निशुल्क फिजियोथेरापी सेवा, बर्थिङ्ग सेन्टर सुदृढीकरण तथा आवश्यक जनशक्ति व्यवस्थापन गरी **"गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा"** प्रवाहको व्यवस्था मिलाइनेछ।

३. महानगरीय स्वास्थ्य केन्द्रहरुमा गर्भवती महिलाहरुको लागि Portable USG द्वारा निशुल्क गर्भावस्थाको जाँच, निशुल्क ANC Profile चेक जाँच लगायत नियमित गर्भवती जाँच, निशुल्क आइरन र क्यालसियम चक्की वितरण तथा बर्थिङ्ग सेन्टरको प्रभावकारी संचालन सुनिश्चित गरी **"पूर्ण संस्थागत सुत्केरी महानगर अभियान"** संञ्चालनमा ल्याइनेछ।

४. लक्षित महिलाहरुको लागि निःशुल्क पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग; वयस्क व्यक्तिहरुको निःशुल्क मधुमेह जाँच, उच्च रक्तचाप स्क्रिनिङ्ग; जेष्ठ नागरिकहरुको लागि घरदैलो निशुल्क स्वास्थ्य परीक्षण, सूर्तिजन्य पदार्थको सेवन न्यूनीकरण तथा मोतियाबिन्दु मुक्त महानगरपालिका कार्यक्रमहरु संचालन तथा निरन्तरता दिई **"<u>नसर्ने रोगहरु रोकथाम तथा न्यूनीकरण</u>"** गरिनेछ।

५. **"छोरी बचाउ, छोरी पढाउ कार्यक्रम"** अन्तर्गत पहिलो र लगातार दोश्रो छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन बापत उपलब्ध गराउदै आएको रकमलाई निरन्तरता दिइनेछ।

६. विराटनगरवासीका लागि नेपाल रेडक्रस सोसाइटी सँगको साझेदारीमा संचालित **"निशुल्क रक्त सेवा कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

७. गर्भवती महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिँदै आएको **<u>निःशुल्क एम्बुलेन्स सेवा</u>** लाई निरन्तरता दिइनेछ ।

८. **<u>वैकल्पिक चिकित्साको रुपमा आयुर्वेद सेवा</u>**को विकास, विस्तार तथा सुदृढीकरण गरिनेछ।

९. क्षयरोग, डेङ्गी, कोभिड-१९ लगायत **<u>सरुवा तथा महामारीजन्य रोगहरुको रोकथाम तथा नियन्त्रण</u>**को लागि विभिन्न कार्यक्रमहरु संञ्चालन गरिनेछ।

१०. स्वास्थ्य संस्थालाई पेपरलेस बनाउन तथा सम्पूर्ण विवरण संरक्षित तथा सुरक्षित बनाउन **Digital Health System/Electric Medical Record** लाई थप व्यवस्थित बनाईनेछ।

११. **अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम** लाई थप प्रभावकारी बनाई अपाङ्गताको दरमा कमी ल्याइनेछ।

१२. **महानगर अटिज्म सेवा केन्द्र** लाई थप व्यवस्थित बनाई प्रभावकारी रुपमा संञ्चालनमा ल्याइनेछ र महानगर अटिज्म सेवा केन्द्रको आफ्नै भवन निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

## बालबालिका

१. बाल संरक्षण प्रणाली अबलम्वन गर्दै बालबालिका बजेट संकेतीकरण (Coding) का लागि पुर्व तयारी गरिनेछ ।

२. "बालविवाह, दाइजो, बाल अनलाइन सुरक्षा, मानव बेचविखन, लागु पदार्थ मुक्त समाज, सुरक्षित र सम्मानित बालबालिकाको भविष्यको आधार" भन्ने नाराका साथ बाल संरक्षणका विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३. बालबालिकाहरुको उद्धार, राहत तथा पुर्नस्थापनाका लागि बाल कोषलाई निरन्तरता दिइनेछ।

४. बाल अधिकार समितिलाई थप क्रियाशील बनाइ संघहरुको समन्वय र सहकार्यमा सडक बालबालिका, बालश्रम निवारण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

५. बालबालिकाको सर्वाङ्गिण विकासका लागि बालमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. **"बाल सहभागिता र नेतृत्व विकास, समृद्ध समाजको बलियो आधार"** भन्ने नारालाई सार्थक बनाउदै बालक्लबको पदाधिकारीहरुको नेतृत्व विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरी बाल सहभागिता अभिबृद्धि गरिने कार्यलाई निरन्तरता दिइनेछ।

७. संघीय तथा प्रदेश साथै सम्बन्धित सरोकारवाला पक्षहरुसँगको सहयोग र समन्वयमा विराटनगर महानगरपालिकालाई बालमैत्री महानगर घोषणा गरिनेछ ।

## महिला, बालबालिका जेष्ठ नागरिक, अपाङ्गता, लैंगिक तथा यौनिक अल्पसंख्यक

१. **"सीपयुक्त महिलाको हात : आर्थिक समृद्दिमा बराबरीको साथ"** भन्ने नारालाई साकार गर्न महिलाको आर्थिक र सामाजिक सशक्तीकरण लागि विभिन्न रोजगारमूलक, सीप विकास तालिम र सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

२. महिलाहरुलाई प्रत्यक्ष रोजगारीसँग जोड्न On the Job Training with Job placement जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई कार्यक्रममार्फत सम्बोधन गर्दै आवधिक योजना तथा वार्षिक बजेट तथा कार्यक्रम लैससास दृष्टिकोणबाट तर्जुमा गरिनेछ।

४. एकल महिलाहरुको सशक्तीकरणका लागि एकल महिला कोषलाई निरन्तरता दिइनेछ।

५. **लैङ्गिक हिंसा अन्त्यका लागि, बोलौं, रोकौं र बदलौं** लैङ्गिक हिंसामुक्त नगर निर्माणको लागि लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य योजना अपनत्व लिदै कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

६. महिलामा लगानी अभिवृद्धि गर्दै आर्थिक तथा सामाजीक रुपान्तरणका लागि Generate your business Idea (GYB) and Start your business Module (SYB) जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. विराटनगर महानगरपालिकामा लैगिक हिंसा निवारणका लागि Male Lead Network बनाइनेछ ।

## ज्येष्ठ नागरिक

१. "अनुभवका खानी, ज्येष्ठ नागरिक हाम्रो स्वाभिमानी" भन्ने आदर्श वाक्यहरुलाई सार्थक पार्न ज्येष्ठ नागरिक र युवाहरुमा पुस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

२. ज्येष्ठ नागरिकहरुको मनोवल उच्च बनाउन दिवा सेवा केन्द्र कार्यक्रम सञ्चालन गरिनेछ।

३. ज्येष्ठ नागरिकहरुको मानसिक र शारीरिक तनावलाई व्यवस्थापन गर्नका लागि सामाजिक मनोपरामर्श तालिमालाई निरन्तरता दिइनेछ ।

## यौनिक अल्पसङ्ख्यक

१. **"सबैको पहिचान सबैको सम्मान, समावेशी समाज महानगरपालिकाको स्वाभिमान"** यौनिक अल्पसंख्यक समुदायको समाजमा सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. महानगरपालिकाबाट सञ्चालन हुने विभिन्न क्रियाकलापमा यौनिक अल्पसंख्यक समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

## अपाङ्गता

१. अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक सेवा प्रवाहमा पहुँच सुनिश्चित गर्नका लागि Audit गरी सुझाव संकलन गरिनेछ ।
२. विराटनगर महानगरपालिकाको मुख्य प्रशासनिक कार्यालय र वडा कार्यालयहरुमा अपाङ्गता भएका व्यक्तिहरु सहजै पुग्ने गरी सेवा प्रवाह गर्ने नीति लिइनेछ ।
३. अपाङ्गगता हुन नदिने रोकथामका उपाय स्वास्थ्य उपचार र समाजमा पुनर्स्थापना गर्ने कार्यलाई निरन्तरताका साथ प्राथमिकता दिइनेछ ।
४. स्वरोजगार सिर्जनाका लागि उद्यमशीलता र रोजगारीसंग जोड्ने कार्यक्रम संचालन गरिनेछ ।
५. अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री उत्पादनकर्तासँगको सहयोग र समन्वयमा आवश्यकता अनुसार सहायक सामाग्री निःशुल्क वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
६. अपाङ्गता भएका महिला वा व्यक्तिहरुमाथि हुने हिंसा विभेद वा अंशवन्डा सम्बन्धी विवादहरुमा न्यायिक समितिले निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।
७. विराटनगर महानगरपालिकाको Website, Mobile App लगायतका डिजिटल प्लेट फर्मलाई अपाङ्गमैत्री बनाईनेछ।
८. अपाङ्गता भएका व्यक्तिहरुको आयआर्जन वृद्धिका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

## युवा

१. महानगरको नीति तथा योजना निर्माणमा युवाहरूको प्रत्यक्ष आवाज सुनिश्चित गरी समाज सुधारका कार्यहरूमा युवा क्लबहरूलाई सक्रिय रूपमा परिचालन गरिनेछ।
२. प्रविधिसँग युवाहरुलाई जोड्नका लागि Digital Literacy Campaign संचालन गरिनेछ
३. शैक्षिक सिकाइ लाई उद्यमशीलतासँग जोड्न (Industry-Academia Bridge) का लागि उद्योगी व्यवसायीसँगको समन्वयमा युवाहरुलाई Paid Internship को व्यवस्था मिलाईनेछ ।
४. युवाद्वारा संचालित उद्यम, व्यापार-व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. घटना दर्तामध्ये जन्म र मृत्युका घटनाले मूलत: राज्यको जनसङ्ख्याको आकार संरचना तथा नीति निर्माणमा प्रत्यक्ष प्रभाव पार्ने हुनाले जन्म र मृत्यु जस्ता घटना दर्तालाई शतप्रतिशत गराई **"व्यक्तिगत घटना पूर्ण दर्ता महानगरपालिका"** बनाउन आवश्यक कार्यक्रम लागू गरिनेछ।
२. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण प्रविधिमैत्री बनाउन EFT मार्फत सर्वसुलभ र सरल ढङ्गले वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
३. व्यक्तिगत घटना दर्ताका हस्तलिखित दर्ता प्रमाणपत्रलाई अनलाईनमार्फत प्रतिलिपी जारी गर्ने कार्यलाई निरन्तरता दिदैं हस्तलिखित दर्ता प्रमाणपत्र निरुत्साहित गरिनेछ।
४. व्यक्तिगत घटना महत्व र आवश्यकता बारे नगरवासीलाई सुसूचित गराउँदै ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्तालाई शतप्रतिशत गराउन व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिनेछ ।
५. सामाजिक सुरक्षा तथा पञ्जीकरणसँग सम्बन्धित १९ वटै वडाका कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

६. सामाजिक सुरक्षा नयाँ नाम दर्ता एवम् नवीकरण गर्न Biometric प्रविधिको प्रयोग गरी राष्ट्रिय परिचयपत्रमा भएको जैविक विवरणलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीमा अन्तरआबद्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७. ***"सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान, सामाजिक सुरक्षाको हाम्रो अभियान"*** भन्ने नारा अनुरुप भत्ता प्राप्त गर्न योग्य व्यक्तिलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गराउने कार्यलाई निरन्तरता दिइनेछ।

## सामुदायिक तथा उद्यमशीलता विकास

१. दलित, आदिवासी, जनजाती तथा पिछडा वर्ग उत्थानका लागि सिप विकास, नेतृत्व विकास र आयआर्जन कार्यक्रममार्फत जिवनस्तर सुधार गरिनेछ ।

२. स्थानीय श्रम बजार तथा स्वरोजगारका सम्भावनालाई ध्यानमा राखी व्यावसायिक तथा उद्यमशीलता विकाससँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३. सामाजिक विकृति बिसंगति र छुवाछुत बिरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४. स्थानीय भाषा, कला ,संस्कृति परम्पराको संरक्षण तथा प्रबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५. बेरोजगार युवा तथा महिलाका लागि सिपमूलक तालिम र स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।

६. लागुऔषध दुर्व्यसनी, छुवाछुत, जातीय भेदभाव जस्ता विकृती अन्त्यका लागि कार्यक्रम संचालन गरिनेछ ।

७. सडक मानव उद्धार, पुनर्स्थापना, उपचार ,पुनर्मिलन तथा सुरक्षित आवास गृहको लागि सहयोग कार्यक्रम संचालन गरिनेछ ।

८. समुदायका बेरोजगार, विपन्न, महिला, युवा, दलित, आदिवासी जनजाति, तथा लक्षित वर्गलाई आत्मनिर्भर बनाउने उद्देश्यले आवश्यकतामा आधारित सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

९. सामाजिक समावेशीकरण सम्बद्ध गर्न संघसस्थाहरुसँग सहकार्य गरी नतिजा मूलक बनाईनेछ

१०. सामाजिक विकासमा गैरसरकारी संस्थाको भूमिका परिभाषित गर्दै गैरसरकारी संस्थासँग सहकार्य र परिचालन गरिनेछ ।

# पूर्वाधार विकास

## योजना

१. निर्माण सम्पन्न भएका भौतिक संरचनाहरुको प्रभावकारिता परीक्षण गरी सुधार तथा स्तरोन्नति गर्ने कार्य अगाडि बढाइनेछ। पूर्वाधार निर्माणमा गुणस्तर कायम गराउन निर्माण गुणस्तर चेकजाँचको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

२. सिंघिया खोला किनारमा सार्वजनिक जग्गाको सिमाङ्कन गरी करिडोर निर्माण कार्यको सुरुवात गरिनेछ सिंघिया खोलाबाट हुने पानीको Overflow लाई कम गर्नका लागि Widening र deepening को कार्य अगाडि बढाइने छ ।

३. Ground water recharge का लागि भित्री सडकहरुमा Paving Block द्वारा सडक निर्माणलाई प्राथमिकता दिइनेछ | Precast Drain लाई प्रयोगमा ल्याइनेछ ।
४. सम्पूर्ण वडा कार्यालयहरुको आफ्नै भवन बनाउने र भएका वडा कार्यालयहरुमा प्राथमिकताअनुसार तला थप गरी वडाबाट प्रदान गरीने सेवा सुविधालाई थप सहज बनाइने नीतिलाई निरन्तरता दिइनेछ
५. शहरी विकास विभागबाट डिपिआरको अन्तिम चरणमा रहेको Eastern corridor र खानेपानी तथा सरसफाइ विभागको Integrated Water Supply and Sanitation Project को कार्यान्वयनका लागि पहल गरिनेछ ।
६. महानगरको आर्थिक विकासका लागि अत्यावश्यक विशेष आर्थिक क्षेत्र, प्रादेशिक बसपार्क, हवाई मैदान विस्तार, रिङरोड निर्माण, वाईपास सडक, रंगशाला, संङग्रहालयजस्ता आन्तरिक स्रोतबाट मात्र सञ्चालन गर्न नसकिने योजनाहरु सहयोगी र साझेदार संस्थाहरुको सहयोगमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ। विराटनगरको ऐतिहासिक गरिमा र पूर्वाधारका हिसाबले गर्व गर्न लायक प्रादेशिक राजधानीका रुपमा विकास गर्ने जनचाहनाबमोजिम विविध क्षेत्रगत गुरुयोजना ( Sectoral Master Plan) सहितको आयोजना बैंक ( Project Bank) तयार गरिनेछ। उक्त योजनाको आधारमा राष्ट्रिय, अन्तर्राष्ट्रिय एवं दातृ निकायको सहयोग परिचालन गरिनेछ।
७. नगर क्षेत्रभित्रका सडक, नाला निर्माण गर्दा सडक मापदण्डविपरीत निर्माण भएका संरचनाहरु हटाइने कार्यलाई निरन्तरता दिइनेछ। मापदण्ड नभएका सडकहरुको मापदण्ड तोकी नामाङ्कन गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ ।
८. नगरको दिगो विकासका लागि लागत सहभागिता र सहभागितात्मक विकासको अवधारणाबमोजिम योजना छनौट, निर्माण, अनुगमन, सञ्चालन र मर्मत सम्भार समेतमा स्थानीय सरोकारवाला उपभोक्ताहरुको सार्थक सहभागिता जुटाउने कार्यलाई थप व्यवस्थित गरिनेछ।
९. पूर्वाधार विकासको दृष्टिले पछाडि परेको नगरको पश्चिम दक्षिण क्षेत्रमा सडक नाला, खानेपानी आयोजना निर्माण र डुबानको समस्या समाधानसहितको परियोजना सञ्चालन गर्न संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरुसँग समन्वय गरिनेछ।
१०. सडक, नाला, कल्भर्ट तथा पेटी नयाँ निर्माण वा मर्मत सम्भार गर्दा निर्माण सम्पन्नसहित अन्तिम किस्ता भुक्तानी गर्नु पूर्व सडक, पेटी, कल्भर्ट तथा नाला निर्माणका लागि राखिएका सम्पुर्ण निर्माण सामग्री साथै कल्भर्ट निर्माणमा प्रयोग हुने सेट्रिङ्ग आदि सामग्रीहरु हटाइने कार्यलाई निरन्तरता दिइनेछ ।

## भवन तथा भवन संहिता एवं निर्माण इजाजत

१. कार्यालयका शाखाहरूको कार्यसम्पादनलाई प्रभावकारी, व्यवस्थित तथा सेवाग्राहीमैत्री बनाउन आवश्यक फर्निचर तथा कार्यालय सामग्रीको व्यवस्थापन गरिनेछ।
२. कार्यालयका महत्वपूर्ण कागजात, अभिलेख तथा फाइलहरूको सुरक्षित, व्यवस्थित र दीर्घकालीन संरक्षणका लागि आवश्यक अभिलेख तथा भण्डारण व्यवस्थापनलाई सुदृढ बनाइनेछ।
३. कार्यालयको कार्यसम्पादनलाई प्रविधिमैत्री, प्रभावकारी तथा कर्मचारीमैत्री बनाउन आवश्यक सूचना प्रविधि तथा विद्युतीय उपकरणहरूको व्यवस्थापन गरिनेछ।

४. नक्सा पास प्रक्रियालाई सरल, पारदर्शी, समयसापेक्ष बनाउँदै डिजिटल घरनक्सा प्रणाली संचालन गरिनेछ साथै सेवाग्राहीमैत्री बनाउन आवश्यक कानूनी, प्राविधिक तथा प्रक्रियागत सुधार गरिनेछ।
५. भवन संहिताको प्रभावकारी कार्यान्वयन गर्दै नगर क्षेत्रभित्र निर्माण हुने संरचनाहरूलाई भूकम्प प्रतिरोधी, सुरक्षित तथा गुणस्तरीय बनाउन दक्ष जनशक्तिको विकास गरिनेछ।
६. संस्थागत क्षमता अभिवृद्धि तथा कार्यसम्पादन सुधारका लागि अनुभव, ज्ञान तथा सिकाइको आदानप्रदानलाई प्रोत्साहन गरिनेछ।

## भू-उपयोग तथा बस्ती विकास

१. भूमि व्यवस्थालाई दीर्घकालीन रुपमा व्यवस्थित र प्रभावकारी बनाउन भूउपयोग ऐन, २०७६ र नियामावली, २०७९ बमोजिम जग्गा वर्गीकरण गर्ने कार्य गरिनेछ।
२. भूउपयोग योजना तयार गरी लागू गरिनेछ ।
३. सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित वसोवासीहरुलाई जग्गा वितरण गर्ने कार्यमा समन्वय र सहकार्य गरिनेछ ।
४. जग्गा खण्डीकरण गर्ने कार्यलाई कानूनअनुसार थप व्यवस्थति गरिनेछ ।
५. भूमि बैंकको अवधारणा लागु गरिनेछ ।
६. जग्गा अधिग्रहण गर्ने कार्यलाई कानून अनुसार अगाडि बढाइनेछ ।

# वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

१. स्थानीय आपतकालीन केन्द्रका लागि आवश्यक सामग्री व्यवस्थापन गरी उद्धार कार्यलाई प्रभावकारी बनाईनेछ ।
२. श्रमजीवी नागरिकलाई गर्मीयाममा हुने तातो हावाको लहर "लू" को प्रभाव कम गर्न Heat Action Plan अनुसारका गतिविधिहरु सञ्चालन गरिनेछ ।
३. नगर क्षेत्रभित्रका शिक्षक, विद्यार्थीहरु, जोखिममा रहेको समुदाय लक्षित विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
४. भान्सा कोठाबाट हुनसक्ने आगलागी जोखिम नियन्त्रणका लागि भान्साकोठा सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
५. वडास्तरीय गठित द्रुत लेखाजोखा टोलीलाई विपद् पूर्वतयारी अवस्थामा सक्रिय राख्नका लागि क्षमता विकास तालिम सञ्चालन गरी उद्धार तथा राहत वितरणका कार्यलाई व्यवस्थित गरिनेछ।
६. प्राकृतिक प्रकोपबाट विस्थापित परिवारलाई छोटो समयका लागि ब्यबस्थापन गर्न उचित स्थान छनौट गरी नमूना केन्द्रको रुपमा स्थापना गरिनेछ।
७. विपद प्रभावितहरुलाई विपद जोखिम न्युनीकरणका लागि विभिन्न निकायहरुसँगको सहयोग र समन्वयमा सवलीकरण र प्रवलीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

८. **जोखिममुक्त शहर विराटनगर** को नारालाई मूर्तरुप दिन नगर क्षेत्र भित्र भएका घर, पसल, व्यवसाय, गोदाम, कवाडी व्यवसाय आदिमा जोखिम अवस्था पहिचान गरी व्यवस्थापन गर्न लगाइनेछ ।
९. विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिनुका साथै विनियोजित रकमलाई आवश्यकतानुसार राहत, उद्धार लगायतका क्षेत्रमा खर्च गरिनेछ ।

## सरसफाइ व्यवस्थापन

१. घर, टोलको फोहोर व्यवस्थापन, सार्वजनिक स्थल, नहर, धार्मिक गतिविधिबाट निस्कने फोहरको सरसफाइका लागि व्यक्ति,फर्म,निजीक्षेत्र लगायत सम्पुर्णलाई जिम्मेवार बनाईनेछ ।
२. महानगरपालिका क्षेत्र भित्रका घर, पसल, व्यवसाय, धार्मिक स्थल, विद्यालय वरिपरिका क्षेत्रको फोहरमैला व्यवस्थापन कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।
३. फोहोरलाई स्रोतमै कम गर्न कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी कुहिने फोहोरबाट मल बनाउने प्रविधि मार्फत सफा टोल बनाउन नमूना टोल निर्माण गर्ने कार्य संञ्चालन गरिनेछ ।
४. विराटनगर महानगरपालिकाको फोहोरलाई मोहरमा परिणत गर्न Waste to Energy को नीतिलाई अवलम्वन गर्दै Circular Economy को अवधारणा लागू गरिनेछ ।

## वन वातावरण तथा हरियाली प्रवर्द्धन

१. प्रदेश सरकारसँगको साझेदारीमा Roof Top Energy कार्यक्रमलाई सञ्चालन गरिनेछ।
२. हरियाली प्रवर्द्धन गर्न विभिन्न संघ संस्थाहरुसंगको सहकार्यमा वृक्षारोपण गरी भएका बोट विरुवाको रेखदेख र संरक्षण गरिनेछ।
३. अस्पतालबाट निस्किने फोहोर व्यवस्थापन गर्न सम्वन्धित संस्थालाई जिम्मेवार बनाउने र जथाभावी फोहर गर्नेलाई दण्ड जरिवाना गरिनेछ ।
४. नवीकरणीय उर्जा नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
५. वातावरणमैत्री स्थानीय शासन प्रर्वधन, २०७८ कार्यविधी कार्यान्वयन गरिनेछ ।
६. वातावरणमैत्री सुचकको आधारमा वातावरणमैत्री घर र टोलको घोषणा गरिनेछ।
७. जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्बन गरिनेछ ।
८. प्लाष्टिक झोला न्युनीकरण प्रतिवन्ध कार्ययोजना, २०७८ लाई कार्यान्वयन गरिनेछ।
९. हानीकारक फोहोर सम्वन्धी नीति नियम कार्यविधि तथा मापदण्ड तयार गरी कार्यान्वयन तथा नियमन गरिनेछ ।
१०. वातावरण प्रदूषण रोकथाम र नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।
११. वडाहरुमा रहेका ऐलानी जमिन पहिचान गरी फ्रिवाइफाई सहित बालमैत्री पार्क, जेष्ठ नागरीक चौतारी, शारीरिक तन्दुरुस्ती पार्क तथा मनोरञ्जन स्थल निर्माण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

**अध्यक्ष महोदय,**

अब म विराटनगर महानगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ का लागि प्रस्तावित आय र क्षेत्रगत व्यय प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फः**

आर्थिक वर्ष २०८३।०८४ का लागि सङ्घीय सरकार वित्तीय समानीकरण अनुदान रु ३३ करोड ४३ लाख, सशर्त अनुदान चालु ७३ करोड २९ लाख, सशर्त अनुदान पुजीगत ५६ लाख गरी सङ्घीय सरकारबाट १ अर्ब ७ करोड २८ लाख अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट आय हुने अनुमान गरेको छु ।

यसै गरी प्रदेश सरकार समानीकरण अनुदान ३ करोड ६२ लाख ५० हजार, सशर्त अनुदान प्रदेश सरकार सशर्त चालु ४ करोड १ लाख २४ चौविस हजार, सशर्त अनुदान पुँजीगत तर्फ रु ६ करोड ६३ लाख गरी प्रदेश सरकारबाट जम्मा रु १४ करोड २६ लाख ७४ हजार आय हुने अनुमान गरेको छु ।

बाँडफाडबाट प्राप्त हुने राजस्व मध्ये सवारी साधन कर बापत रु ३ करोड ८ लाख, मनोरञ्जन कर रु ४० लाख विज्ञापन कर रु ६० लाख , घरजग्गा रजिष्ट्रेसन दस्तुर रु ६७ करोड ९५ लाख ७९ हजार ३ सय ८५, मुल्य अभिवृद्धि करबाट रु १५ करोड ३९ लाख २८ हजार ९ सय ६१, अन्तःशुल्क बापत रु ५ करोड १३ लाख ९ हजार ६ सय ५४ गरी कुल ९२ करोड ५६ लाख १८ हजार राजस्व बाँडफाडबाट आय हुने अनुमान गरेको छु ।

आन्तरिक आय तर्फ रु १ अर्ब २७ करोड २० लाख ८ हजार र विभिन्न सङ्घसंस्था अनुदान बापत रु १ करोड १६ लाख र बैङ्क मौज्दात बापत रु १४ करोड गरी कुल रु ३ अर्ब ५६ करोड ४७ लाख आय अनुमान पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म विराटनगर महानगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को अनुमानित क्षेत्रगत व्यय प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकासतर्फः**

शिक्षातर्फ रु १० करोड ९ लाख २८ हजार, स्वास्थ्यतर्फ रु ७ करोड ३ लाख ९० हजार, महिला विकास ६६ लाख, बालबालिका ४८ लाख ६० हजार, अपाङ्गता ५७ लाख, ज्येष्ठ नागरिकतर्फ रु १६ लाख, लैङ्गिक हिंसा निवारणतर्फ ४२ लाख ७५ हजार, खानेपानी तथा सरसफाई रु १६ लाख,सामुदायिक विकास कार्यक्रम तर्फ रु ५९ लाख ३६ हजार र सङ्घसंस्था अनुदान रु ६ करोड ३१ लाख ७० हजार गरी सामाजिक विकास तर्फ कुल अनुमानित व्यय रु २६ करोड ५० लाख ५९ हजार प्रस्तुत गरेको छु ।

**आर्थिक विकासतर्फ**

कृषि विकास रु ४६ लाख ५० हजार, पशुपन्छी तथा भेटनरी तर्फ रु १ करोड ४२ लाख ५० हजार, सहकारीतर्फ रु ११ लाख ५० हजार, उद्यमशीलता विकास ६४ लाख, उपभोक्ता हित संरक्षण ८ लाख, रोजगार प्रवर्द्धन २१ लाख ४७ हजार, पर्यटन प्रवर्द्धन १२ लाख, सार्वजनिक निजी साझेदारी १० लाख, सुरक्षित आप्रवासन रु १० लाख ४० हजार गरी आर्थिक विकासतर्फ रु ३ करोड २६ लाख ३७ हजार अनुमानित व्यय प्रस्तुत गरेकोछु ।

**पूर्वाधार विकास**

म्याचिङ्ग फण्डका लागि रु १ करोड, वडास्तरीय योजनातर्फ ४३ करोड ५६ लाख ३२ हजार, शहरी विकास घरनक्शा इजाजत रु ४० लाख, भूउपयोग आवास तथा वस्ती विकास कार्यक्रम रु २३ लाख, वहुवर्षीय तथा गौरवका आयोजना रु १५ करोड, बहुवर्षीय ठेक्का तथा दायित्व सरी आएका योजनाहरुका लागि रु २५

करोड, नगरस्तरीय योजना तथा कार्यक्रमका लागि रु ६० करोड, विद्युततर्फ रु १ करोड ६० लाख, फोहोरपानी प्रशोधन केन्द्र रु २ करोड ६० लाख तथा मर्मत सम्भार रु १० करोड,सडक बोर्डबाट सञ्चालित योजनातर्फ रु १ करोडसमेत गरी रु १ अर्ब ६० करोड ३९ लाख ३२ हजार पूर्वाधार विकासका लागि अनुमानित व्यय प्रस्तुत गरेको छु ।

**सुशासन तथा संस्थागत विकास**

राजस्व व्यवस्थापनतर्फ रु २४ लाख, कानून तथा न्यायिक ४७ लाख, नगर प्रहरी तथा ट्राफिक व्यवस्थापन ३२ लाख ८० हजार, सूचना तथा सञ्चार रु ४८ लाख, सूचना प्रविधितर्फ रु ६६ लाख ८० हजार, सुशासन तथा सेवा प्रवाहतर्फ रु ४० लाख ५० हजार, सामाजिक सुरक्षा तथा पञ्जीकरणतर्फ रु ३४ लाख गरी सुशासन तथा संस्थागत विकासतर्फ जम्मा रु २ करोड ९३ लाख १० हजार अनुमानित व्यय प्रस्तुत गरेको छु।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन रु १ करोड २८ लाख, विपद् व्यवस्थापनतर्फ रु ९६ लाख, वन वातावरण तथा हरियाली प्रवर्द्धनतर्फ रु ३५ लाख ६० हजार गरी वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु २ करोड ५९ लाख ६० हजार अनुमानित व्यय पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

यसै गरी कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु ७६ करोड २८ लाख ७८ हजार , सङ्घीय सरकार शसर्त चालू अनुदान अर्न्तगत रु ७३ करोड २९ लाख, पुजीगत अनुदान अर्न्तगत रु ५६ लाख, प्रदेश सरकार शशर्त चालू अनुदान अर्न्तगत रु ४ करोड १ लाख २४ हजार र पूजीगत अनुदान अर्न्तगत रु ६ करोड ६३ लाख गरी कुल जम्मा रु ३ अर्ब ५६ करोड ४७ लाख व्यय अनुमान गरेको छु।

**आदरणीय सभाध्यक्ष तथा नगर सभासदज्यूहरु**

प्रस्तुत नीति, बजेट तथा कार्यक्रम केवल अंकहरूको सङ्गालो मात्र होइन, महानगरको विकास, आर्थिक समृद्धि र सुशासनप्रतिको साझा प्रतिबद्धता हो। प्रस्तुत नीति, कार्यक्रम तथा बजेटले विराटनगर महानगरपालिकाको Vision **"हामी सबैको रहर शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"** भन्ने हाम्रो सङ्कल्पलाई पूरा गर्ने विश्वास लिएको छु।कुनै पनि नीति कार्यक्रम तथा बजेट कागजमा राम्रो भएर मात्र पुग्दैन, यसको वास्तविक सफलता यसको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ।यो वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आफ्नो रचनात्मक सुझाव तथा सल्लाह दिनुहुने आदरणीय नगरवासी, उद्योग, व्यापारी, वाणिज्य सङ्घ संगठनका प्रतिनिधि, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, बालक्लव, उद्योगी व्यापारी, सञ्चारकर्मी, राजनैतिक दलका प्रतिनिधि, नगर सभाका सदस्यज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।बजेट तर्जुमा प्रक्रियामा अहोरात्र खटिनु भएका प्रमुख प्रशासकिय अधिकृत सहित सबै राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, प्रस्तुत नीति, कार्यक्रम तथा बजेट हामी सबैको साझा दस्तावेज हो । यसको सफल कार्यान्वयनका लागि हाम्रा गल्ती-कमजोरीहरू औंल्याई सही बाटो देखाउन र निरन्तर रचनात्मक सल्लाह सुझाव दिन तथा महानगरका कामकारवाहीउपर खबरदारी गर्न नागरिक समाज, टोल विकास संस्थाहरू, सामाजिक सङ्घसंस्था, सञ्चारकर्मी विभिन्न राजनैतिक दल, उद्योगी तथा व्यापारी, शुभचिन्तकलगायत सम्बन्धित सरोकारवाला निकायहरु

सबैमा सहकार्य र समन्वयलाई पहिलो प्राथमिकता दिई हातमा हात र काँधमा काँध मिलाई प्रस्तुत नीति बजेट तथा कार्यक्रमलाई सफल बनाउन म पुनः सबैमा हार्दिक अपिल गर्दै मेरो प्रस्तुति अन्त्य गर्दछु ।

धन्यवाद।

शिल्पा निराला कार्की
उपप्रमुख
विराटनगर महानगरपालिका

मितिः२०८३।०३।१०